## वैठक संख्याः ७६
## मिति २०७७/११/१४ गते
## नगरकार्यपालिकाको वैठकका निर्णयहरु

१. देहायका विधेयकको मस्यौदालाई आठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

- आर्थिक विधेयक (प्रथम संशोधन), २०७७ ।
- विनियोजन विधेयक (प्रथम संशोधन), २०७७ ।
- पाँचखाल नगरपालिकाको मदिरा रोकथाम तथा नियन्त्रण विधेयक, २०७७ ।
- पाँचखाल नगरपालिकाको संघ/संस्था दर्ता विधेयक, २०७७ ।
- पाँचखाल नगरपालिकाको कृषि नीति, २०७७ ।

२. पाँचखाल नगरपालिकाको स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष सञ्चालन कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको यस आ. ब. २०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदान तर्फको लागत साझेदारीमा मध्येपहाडि लोकमार्ग दुध उत्पादन कार्यक्रमको रु २१,३३,०००/- मध्येबाट ५० प्रतिशत अनुदानमा भैंसी पाडी खरिद गर्न आर्थिक बिकास समितिले गरेको सिफारिसलाई सो अनुसार कार्यान्वयन गर्न स्वीकृत गर्ने निर्णय गरियो ।

त्यस्तै प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान तर्फको लागत साझेदारीमा मध्यपहाडी लोकमार्ग दुध उत्पादन कार्यक्रम स्थानिय तहको रु १२,५०,०००/- मध्येबाट ५० प्रतिशत अनुदानमा भैंसी पाडी खरिद गर्न आर्थिक बिकास समितिले गरेको सिफारिसलाई सो अनुसार कार्यान्वयन गर्न स्वीकृत गर्ने निर्णय गरियो । भैंसी पाडी र बाख्रा खरिद गर्दा खरिद गरिने पशुको स्पेशिफिकेशन र लागत मूल्य निर्धारण गर्न देहाय वमोजिमको प्राबिधिक समिति गठन गर्ने निर्णय गरियो । सो अनुसार सम्बन्धित कार्यालयलाई प्राविधिक खटाई सहयोग गर्न अनुरोध गर्ने निर्णय गरियो ।

क. बरिष्ट पशु विकाश अधिकृत डा.मोगल प्रसाद शाह
भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र,धुलिखेल
ख.पशु चिकित्सक श्री मणि प्रसाद सापकोटा,पनोती,काभ्रेपलाञ्चोक
ग. निजी पशु चिकित्सक डा.दुर्गा पान्डे ,पाँचखाल नगरपालिका वडा नं ४
घ.दत्त प्रसाद गोतम, पशु बिकाश अधिकृत

४. आर्थिक विकास समितिको सिफारिसलाई देहायका वडामा कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं | कार्यक्रम | रकम |
|---|---|---|
| ५ | लागत साझेदारीमा मध्यपहाडि लोकमार्ग दुध उत्पादन कार्यक्रम | २१,३३,०००/- |
| १३ | मध्यपहाडी लोकमार्ग दुध उत्पादन कार्यक्रम स्थानीय तहको | १२,५०,०००/- |
| ७ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बाख्राको साना ब्यबसायिक कृषि उत्पादन केन्द्र ( पकेट) बिकास कार्यक्रम | १५,००,०००/- |

५. नगरपालिकाले गत बर्ष हासिल गरेको भौतिक तथा वित्तीय प्रगतिको यथार्थ विवरण र चालु आ.व. ०७७/७८ को यस अवधिसम्मको शाखागत रुपमा प्राप्त भएका एकमुष्ठ प्रगति प्रतिवेदन नगरसभामा पेश गर्ने निर्णय गरियो ।

६. पाँचखाल नगरपालिका र ग्लोबल मेसिनरी एण्ड टेक्नोलोजी सर्भिसेज बीच धर्मकाँटा सञ्चालन सम्बन्धमा तयार भएको शर्त बमोजिम सम्झौता गर्ने निर्णय गरियो ।

७. सूनकोशी नदी किनारको ढुङ्गा गिटी बालुवा लगायत नदीजन्य पदार्थको दिगो संकलन र उत्खनन गर्ने सम्बन्धी प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृति गर्ने निर्णय गरियो । साथै चाखोला लगायत नदीजन्य पदार्थ उत्खनन गर्न सम्भाव्य क्षेत्रको पहिचान गरी प्रारम्भिक वातावरणीय परिक्षण कार्य अगाडी बढाउन कार्यालय प्रमुखलाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

८. पाँचखाल नगरपालिकाको आवधिक नगर विकास योजनाको मस्यौदा स्वीकृति गर्ने निर्णय गरियो । सो सम्बन्धमा आवश्यक शंसोधन र परिमार्जनका लागि कार्यशाला सहित थप कार्य गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

९. आर्थिक बर्ष २०७७।७८ को बजेटबाट सामुदायिक विध्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुलाई तोकिएको मापदण्ड अनुसारको निःशुल्क स्यानीटरी प्याडको दररेट प्रति प्याकेटको रु ६५ पैसट्ठी भ्याट बाहेक निर्धारण गर्ने निर्णय गरियो ।

१०. पाँचखाल नगरपालिकाको भू-उपयोग योजनाको मस्यौदा स्वीकृति गर्ने निर्णय गरियो । सो सम्बन्धमा आवश्यक शंसोधन र परिमार्जनका लागि कार्यशाला सहित थप कार्य गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

११. यसै निर्णयसाथ संलगन अनुसूची बमोजिमको नगरसभाको कार्यसूची स्वीकृत गर्दै नगरसभाका लागि तयारी गर्ने निर्णय गरियो ।

१२. पाँचखाल नगरपालिकाको वडा नं ४ को लामिडाँडा वा उपयुक्त स्थान पहिचान गरी रेल सहितको आधुनिक चिल्ड्रेन पार्क निर्माण गर्न आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

१३. पाँचखाल नगरको आधारभूत तहको लागि स्थानीय पाठ्यक्रम तयार गरी पेश गर्न नगर शिक्षा शाखालाई आदेश दिने निर्णय गरियो ।

१४. वडा नं ८ को खट्टार होक्से सडक खण्डको मोड कटानको लागि लागत अनुमान बमोजिम न्यूनतम रकम पाँचखाल नगरपालिकाको आर्थिक बर्ष २०७७।७८ को नगरस्तरीय आकस्मिक योजना शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

१५. तिनकुने खानेपानी वडा नं २ को ठेक्का नं PMW2/WSP/011076/077 तथा वडा नं १ ठेक्का नं PMW1/WSP/011076/077 खानेपानीको निर्माण कार्यको म्याद नियमानुसार ६० दिन थप गर्ने निर्णय गरियो ।

१६. मिति २०७७।११।११ गतेको वडाध्यक्षज्यूहरु सहितको बैठकका निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

१७. आर्थिक वर्ष २०७६/७७ र आर्थिक बर्ष २०७७/७८ मा पाँचखाल नगर उद्योग बाणिज्य संघको सहभागितामा पाँचखाल नगरपालिकाको कार्यलयबाट गठन भई खटिएको टोली सहित घरदैलो व्यवसाय दर्ता/नवीकरण अभियानका क्रममा उठेको जम्मा रकमको दश प्रतिशत रकम पाँचखाल नगर उद्योग वाणिज्य संघलाई उपलव्ध गराउने निर्णय गरियो ।

१८. पाँचखाल नगरपालिका वडा नं ०६ ठेगाना राखी "श्री हनुमान स्थान निर्माण सेवा " नामको कम्पनीले यस पाँचखाल नगरपालिकाबाट "घ" बर्गको निर्माण ब्यबसाय इजाजत पाउँ भनि पेस गरेको दरखास्त एवं कागजातहरुको जांचबुझ, पाँचखाल न.पा.को "घ" बर्गको निर्माण ब्यबसायी इजाजतपत्र सम्बन्धि कार्यबिधि - २०७५ को दफा २ बमोजिम गर्दा सोहि कार्यविधिको अनुसूची -५ बमोजिमको योग्यता रहेको पाइएकोले इजाजतपत्र प्रदान गर्ने निर्णयका "घ" बर्गको निर्माण ब्यबसायी इजाजतपत्र सम्बन्धि कार्यबिधि -२०७५ को दफा २ को उपदफा २ बमोजिमको समितिबाट पेश भएकोमा "श्री हनुमान स्थान निर्माण सेवा " नामको कम्पनीलाई इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

१९. पाँचखाल नगरपालिकाको बालुवा आयुर्वेद औषधालयबाट खरिद गरिने यसै निर्णय साथ संलग्न सूची बमोजिमको न्यूनतम दररेट निर्धारण गरी औषधी खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

२०. पाँचखाल नगरपालिकाको आर्थिक बर्ष २०७७।७८ को लागि पेश भए बमोजिम खानेपानी फिटिङका सामाग्रीहरुको नगर दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्य विवरण | परिमाण | इकाई | प्रतिइकाई दररेट- भ्याट बाहेक | कैफियत |
|---|---|---|---|---|---|
| १ | Stainer 1-1/2" | १ | वटा | २४७.८३ | |
| २ | GI Reducer 1-1/2"x1" | १ | वटा | २२६.०९ | |
| ३ | Stainer 1-1/4" | १ | वटा | २६०.८७ | |
| ४ | GI Reducer 1-1/4"x3/4" | १ | वटा | १९५.६५ | |
| ५ | Stainer 2-1/2" | १ | वटा | ५६५.२२ | |
| ६ | GI Reducer 2-1/2"x1-1/2" | १ | वटा | ३९५.६५ | |
| ७ | Stainer 2" | १ | वटा | ३९१.३० | |
| ८ | GI Reducer 2"x1-1/4" | १ | वटा | २८२.६१ | |
| ९ | Unequal tee 1-1/2"x1-1/2"x1/2" | १ | वटा | ७०८.७५ | |
| १० | End cap 125 mm | १ | वटा | ३९५.०४ | |
| ११ | Saddle Ferule 15 mm Ø | १ | वटा | २९५.०० | |
| १२ | Brass Union with adopter 2.5" | १ | वटा | १६३४.०० | |
| १३ | GI Stainer 3" | १ | वटा | ३८२.५० | |
| १४ | GI Unequal tee 3"x3"x2" | १ | वटा | ७०८.७५ | |
| १५ | GI Unequal tee 2"x2"x1/2" | १ | वटा | ७०८.७५ | |
| १६ | GI Unequal tee 3"x3"x2.5" | १ | वटा | ७०८.७५ | |
| १७ | GI Unequal tee 2.5"x2.5"x1/2" | १ | वटा | ७०८.७५ | |
| १८ | GI Reducer 3"x2" | १ | वटा | ४५५.०० | |
| १९ | GI Reducer 3"x2.5" | १ | वटा | ४५५.०० | |
| २० | GI Reducer 2-1/2"x1-1/2" | १ | वटा | ४५५.०० | |
| २१ | GI Reducer 1-1/2"x1" | १ | वटा | २६०.०० | |

२१. आर्थिक बर्ष २०७८/७९ का लागि प्रदेश सरकारबाट माग भए बमोजिम पाँचखाल नगरपालिकाबाट देहाय बमोजिमका योजनाहरु माग गरी पठाउने निर्णय गरियो ।

| क्र सं | योजना/कार्यक्रमको नाम | ठेगाना | अनुदानको प्रकार | कुल लागत अनुमान रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | तिनकुने हाँगेठाटी सडक | वडा नं २ | समपुरक | तिन करोड | |
| २ | रानीपानी अँधेरीखोला सडक | वडा नं १० | समपुरक | तिन करोड | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | जरेटार बटरखोला बाँसकोटे गंगादेवी प्रा वि हुँदै वडा नं ११ को कार्यालय जाने सडक | वडा नं ११ | समपुरक | तिन करोड | |
| ४ | सुख्खाग्रस्त क्षेत्रमा डिपबोरिङ निर्माण एवं मर्मत सम्भार | वडा नं ५, ६, ७ लगायत विभिन्न वडामा | विशेष | एक करोड | |

२२. आठौं नगरसभामा निर्णयका लागि पेश गर्ने विषयहरु-

- पाँचखाल नगरपालिकाको गत आ.व. ०७५/७६ को महालेखा परिक्षणबाट सम्पन भएको अन्तिम लेखा परिक्षणको प्रतिवेदन र यस नगरपालिकाको लेखा समिति सहितको प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।
- सातौं नगर सभादेखि यस अवधि बीचमा नगरकार्यपालिका बैठकले विभिन्न मितिमा आगामी नगर सभाबाट अनुमोदन गर्ने गरि भनेर भएका सम्पूर्ण निर्णयहरु नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.सं. | औषधिको नाम | प्याकिंग साइज | प्रति एकाई रु | कैफियत |
|---|---|---|---|---|
| १ | अविपत्तिकर चुर्ण | ५०० ग्राम | १०५० | |
| २ | त्रिफला चुर्ण | ५०० ग्राम | ६०० | |
| ३ | सितोपलादी चुर्ण | ५०० ग्राम | १३५० | |
| ४ | हिङ्गवास्टक चुर्ण | ५०० ग्राम | १३५० | |
| ५ | पुष्यानुग चुर्ण | ५०० ग्राम | १३०० | |
| ६ | अश्वगंधा चुर्ण | ५०० ग्राम | १२०० | |
| ७ | बिल्बादी चुर्ण | ५०० ग्राम | १०५० | |
| ८ | निम्बादी चुर्ण | ५०० ग्राम | १२८० | |
| ९ | महासुदर्शन चुर्ण | १०० ग्राम | ३०० | |
| १० | चन्द्रप्रभा वटी | १०० ग्राम | ११५० | |
| ११ | खदिरादी वटी | १०० ग्राम | १३२५ | |
| १२ | सर्पगन्धा घन वटी | १०० ग्राम | १८०० | |
| १३ | गन्धक रसायन | १०० ग्राम | १२०० | |
| १४ | महाशंख वटी | १०० ग्राम | १२०० | |
| १५ | योगराज गुग्गुल | १०० ग्राम | ९०० | |
| १६ | कैशोर गुग्गुल | १०० ग्राम | १०५० | |
| १७ | टंकण भस्म | १०० ग्राम | ८५० | |
| १८ | महानारायण तेल | ५० मी.ली | १८० | |
| १९ | जात्यादी तेल | ५० मी.ली | १८० | |
| २० | षड्बिन्दु तेल | १५ मि लि | १०० | |
| २१ | मृगमदासव | १५ मि लि | १०० | |
| २२ | जामुन बीज चुर्ण | ५०० ग्राम | १४५० | |
| २३ | त्रिकटु चुर्ण | ५० ग्राम | १८५ | |
| २४ | ल्वांग तेल | ३ मिलि | ८० | |
| २५ | पुनर्नवा चुर्ण | ५०० ग्राम | १२५० | |
| २६ | बातारि तेल | १ लि | १२०० | |
| २७ | गिलोय चुर्ण | १०० ग्राम | २४० | |
| २८ | मुलेठी चुर्ण | १०० ग्राम | २६० | |
| २९ | पीडाहर मलहम | ५०० ग्राम | १४१५ | |
| ३० | बिपादिकांता मलहम | ५०० ग्राम | ९६५ | |